# Travellers cursing rain and landslides: Clearing work continues in possible spots

SIKKIM REPORTER. 12.7.19





Snarling vehicles at 32 Mile, Setijhora slide that forced Siliguri bound vehicles to divert route on Thursday

**Gangtok, July 11 (SR):** The rains have caused damage to roads including the National Highway - 10. The tourists and other travellers have been facing problems due to road blockade here and there from Siliguri in West Bengal upto Rangpo and further. The main points so far include Setijhora, Sevoke Kali Mandir and Kalijhora. Travellers are taking alternative route via Peshok – Kurseong.

32 mile on NH - 10 is also facing landslide, since morning opening and closing after short intervals. Rangpo one of the entry points to State receiving constant rainfall since last 4 days, has also been troubled by landslide, particularly bazaar area. National Highways and Infrastructure Development Corporation Ltd has been clearing the debris. Forest deptt has deputed manpower to fell 2 trees with prospective risk.

Road blocked at 15th mile Reshi West, 21 kms Chamere, boulders are said to be falling. Machines mobilised will be functional once the rain stops. The LPG cooking gas godown in Soreng sub –division, West Sikkim is said to have been damaged due to heavy landslide. North Sikkim Dikchu road has been taken care of by GREF. However IMD weather' forecast suggests, moderate rain everywhere in East, with warning of heavy rain at 2-3 places. While West & South will see moderate, light rain only everywhere. In North also moderate rainfall expected.

# पैहोले राष्ट्रिय राजमार्ग-१० मा यातायात ठप्प

हिमाली बेला 12.7.19



राष्ट्रिय राजमार्ग-१० मा झरेको पैहो।



सेवकको काली मन्दिर नजिकमा झरेको पैहोले हिलाम्मे बनेको राजमार्ग।

**गान्तोक, ११ जुलाई ।** पछिल्लो एक सातादेखि लगातार परिरहेको पानीको कारण गएका साना-ठूला पैहोले घरी घरी बाधित बनिरहेको राष्ट्रिय राजमार्ग-१० बिहीवार दिनभरि अवरुद्ध रह्यो, जसको कारण यात्रुहरूले अत्यधिक समस्या भोगे। कालीझोडा नजिक सेतीझोडामा गएको ठूलो पैहोको कारण सिक्किम-कालेबुङलाई सिलगढीसँग जोड्ने राष्ट्रिय राजमार्ग-१० आज पूर्ण रूपले ठप्प बनेको हो। पैहो सेतीझोडामा मात्र झरेको होइन, तर काली मन्दिर र मेल्ली पुलिस आउटपोस्ट नजिक पनि झरेको छ। यद्यपि यी दुई ठाउँमा झरेको पैहो सानो रहेकोले विभागले आज दिउँसै हटाएर उल्लिखित दुई ठाउँमा राजमार्ग सफा गरेको थियो। तर, सेती झोडाको पैहो ठूलो र लगातार झरिरहेकोले पैहो हटाउने कार्यमा विभागलाई समय लागेको हो।

सेती झोडाको पैहो सोहोर्नका लागि विभागले तीनवटा जेसीबी लगाएको छ। विभागले रातिसम्म वाहनहरूको आवागमन सुचारु हुने बताएको छ। यद्यपि यसका लागि मौसम अनुकूल हुन अत्यावश्यक छ। किनभने पानी परेमा सेती झोडामा माथिबाट लगातार पैहो झरिरहेको छ। यसैले पनि आजभोलि राष्ट्रिय राजमार्गमा यात्रा जोखिमपूर्ण बनेको छ। पैहोले आज बिहानैदेखि यातायात ठप्प बनेपछि राजमार्गका दुवैतर्फ वाहनहरूको लामो लाइन लागेको थियो। आज राष्ट्रिय राजमार्ग-१० मा मात्र होइन, तर डुवर्सलाई सिलगढीसँग जोड्ने राष्ट्रिय राजमार्ग ३१ मा पनि आज बिहानदेखि मध्याह्नसम्म यातायात बाधित बनेको थियो।

अर्कोतिर, आज सेतीझोडाको पैहोले गान्तोक-सिलगढीको यातायात विच्छिन्न बनेपछि अति अनिवार्य कार्यका लागि यात्रा गरिरहेका मानिसहरूले टिस्टाबाट ओरबहुल्लो हुँदै खरसाङ भएर सिलगढी-गान्तोक आउजाउ गरे। राजमार्ग बन्द भएकै कारण सिलगढीको एसएनटीलगायत अन्य स्ट्यान्डहरू र गान्तोकको देवराली स्ट्यान्डमा यात्रुहरूको घुइँचो लागेको थियो। त्यहीँ पानी रोकिए मात्र राजमार्गमा यातायात पूर्ण रूपले सुचारु हुने सम्भावना देखिएको छ। किनभने ठाउँ-ठाउँमा गएको पैहोको कारण राजमार्गका धेरै ठाउँ जोखिमपूर्ण बनेको छ।